प्रमाणित

गणेश बहादुर थापा
अध्यक्ष

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

भगवतीमाई गाउँपालिका

# गाउँसभा

## १३ औं अधिवेशन २०८०

**बैठक संख्याः ३** **मितिः २०८०/०३/३० गते**

**<u>बैठकमा भएका छलफल तथा निर्णयहरुः</u>**

१. यस भगवतीमाई गाउँपालिका गाउँसभाको १३ अधिवेशनको तेस्रो बैठक गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आरम्भ भएको जानकारी गराउनु भयो ।

२. कार्यसूची बमोजिम गाउँसभा अध्यक्ष श्री गणेशबहादुर थापा ज्यूले आर्थिक विधेयक, २०८० माथि दफावार छलफलमा भाग लिन सभा सदस्यहरुलाई समय दिनुभयो र सभा सदस्यहरु छलफलमा सहभागी भई आवश्यक सुझाव पेश गर्नुभयो । आर्थिक विधेयक, २०८० अध्यक्ष ज्यूवाट सभामा निर्णयार्थ प्रस्तुत गर्नु भई सर्वसम्मत पारित भयो ।

३. उपाध्यक्ष ज्यूले सभामा पेश गर्नु भएको आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम सभामा छलफल भई अध्यक्ष ज्यूवाट निर्णयार्थ पेश भए अनुसार सर्वसम्मत पारित भयो ।

४. अध्यक्ष ज्यूले आर्थिक विकास समितिका संयोजक श्री गणेशप्रसाद शर्मालाई भगवतीमाई गाउँपालिका भू-उपयोग योजना, २०८० सभामा छलफल तथा स्वीकृतिको लागि पेश गर्ने अनुमति दिनु भई भू-उपयोग योजना, २०८० पेश भई दफावार छलफल भयो । अध्यक्ष ज्यूले सभाको निर्णयार्थ पेश गर्नु भई सर्वसम्मत पारित भयो ।

५. उपाध्यक्ष ज्यूले न्यायिक समितिको वार्षिक प्रतिवेदन २०७९/०८० सभामा पेश गर्नु भई सर्वसम्मत पारित गरियो ।

६. अर्थ तथा सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन २०७९/०८० समितिका संयोजक लोकवहादुर रावतले सभामा पेश गर्नु भई छलफल भयो र असुल फछ्यौर्ट गर्न बाँकी बेरुजु फछ्यौर्ट गर्न/गराउन तथा आगामी दिनमा वेरुजु न्यूनीकरणको लागि कार्य योजना बनाई काम गर्न गाउँ कार्यपालिकालाई निर्देशन गरि प्रतिवेदन सर्वसम्मत पारित भयो ।

७. अध्यक्ष ज्यूले समसामयिक विषयमा छलफलको लागि समय दिनु भई विभिन्न सार्वजनिक सरोकारका विषयमा गाउँसभामा छलफल तथा विमर्श भयो । अन्तिममा देहायका नीतिगत निर्णय गरि सभा अध्यक्ष ज्यूबाट १३ अधिवेशन अन्त्य भएको घोषणा गर्नुभयो ।

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिकाको
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

गणेश बहादुर
अध्यक्ष

तपसिल:

**निर्णय नं. १ :**

यस गाउँपालिकामा आ.व. २०८०/०८१ को लागि नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान तोकिएको कार्यक्रम र शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

भगवतीमाई गाउँपालिकाबाट आ.व. २०८०/०८१ मा संचालन हुने योजना तथा कार्यक्रमहरुमा पहिलो प्राथमिकता श्रम रोजगार बैकलाई दिने, रु. २०००००० (विस लाख) सम्मका आयोजना तथा कार्यक्रमहरु कार्यको प्रकृति र आवश्यकता अनुसार उपभोक्ता समिति वा लाभग्राही समूहबाट संचालन गर्न गाउँ कार्यपालिकालाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

गाउँपालिकाबाट संचालित आयोजना (ठेक्का बाहेक) मा प्रयोग हुने मेशिन तथा उपकरणहरुको सम्बन्धित फर्म वा कम्पनीले गाउँ कार्यपालिकाको कार्यालयमा रु.५०००। (अक्षेरुपी पाँच हजार) दस्तुर तिरी सूचीकृत गरेको मेशिन तथा उपकरण मात्र प्रयोग गर्ने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र अवलम्वन भईरहेको वातावरणमैत्री, बालमैत्री स्थानीय शासनपद्धती निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस गाउँपालिका क्षेत्रभित्र एउटा मात्र प्रहरी चौकी रहेको र सो प्रहरी चौकीमा दरबन्दी संख्या समेत न्यून रहेको हुँदा वेस्तडा प्रहरी चौकीलाई स्तरोन्नती गरी इलाका प्रहरी कार्यालय स्थापनाको लागि नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने र प्रहरी चौकी भवन निर्माणको लागि जग्गा व्यवस्थापन गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस गाउँपालिकाका तपसिलका स्थानमा पक्की पुल तथा झोलुंगे पुल निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान |
|---|---|---|
| १. | वावियातडा-चिपिनतडा पुल निर्माण | वडा नं. १ र ६ |
| २. | तुर्सु खोला (बालतडा) पक्की पुल निर्माण | वडा नं. ३ र ४ |
| ३. | सीमाखोला पक्की पुल निर्माण | वडा नं. ४ |
| ४. | वडाखोला झो.पु. | वडा नं. ७ |

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ७ :**

यस गाउँपालिका क्षेत्रभित्र ४ वटा टावर (नेपाल टेलिकम २ र एनसेल २) रहेको हुँदा सुरक्षाको दृष्टिकोणलाई मध्यनजर गरी सशस्त्र बेश क्याम्प राख्नुपर्ने भएकोले जिल्ला प्रशासन कार्यालय मार्फत सशस्त्र वेश क्याम्प स्थापनाको लागि नेपाल सरकार, गृहमन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरु शिखरद्धारी मन्दिर, बुरुसे मालिका मन्दिर, भगवतीमाई मन्दिर, नयाँ मालिका मन्दिर, जगनाथ हिल्समा भौतिक पूर्वाधार निर्माणको लागि कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस गाउँपालिकाको समग्र विकासको लागि आवधिक योजना, विषयगत रणनीतिक योजना र विभिन्न विषयगत तालिमको लागि सरकारी तथा गैरसरकारी संघसंस्था र साझेदार निकायसँग सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :**

यस गाउँपालिकामा आ.व. २०७९/०८० मा संचालन भई विभिन्न मितिमा जाँचपास तथा फरफारक भएका सम्पुर्ण योजना तथा कार्यक्रमहरुको सम्पुर्ण खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**

यस गाउँपालिकाको लागि चालु आ.व. २०७९/०८० मा रकम अपुग भएका शिर्षकहरुमा रकम बचत भएका कार्यक्रमबाट श्रोतान्तरण गरी खर्च गर्ने गाउँ कार्यपालिकाबाट भएको निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं. १२:**

यस गाउँपालिका अन्तर्गत उपभोक्ता समिति वा लाभग्राहीद्धारा संचालन हुने गाउँपालिकाका आयोजना तथा कार्यक्रम (लक्षित कार्यक्रम बाहेक) मा उपभोक्ता समितिको जनसहभागितामा बाह्य निर्माण सामग्री बाहेक कम्तिमा २० प्रतिशत गर्नुपर्ने र योजना तथा कार्यक्रममा पेश्की शुन्य नीतिलाई कायमै राख्ने निर्णय गरियो ।

**निर्णय नं. १३ :**

भगवतीमाई गाउँपालिका क्षेत्रभित्र आगामी आ.व. २०८०/०८१ मा कार्यक्रम संचालन गर्न नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त भएका अन्य कार्यक्रमहरु यस गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने र सरकारी तथा गैरसरकारी संस्थाहरुले पेश गरेका कार्यक्रमहरु अनुमोदन गर्ने र आवश्यकताको आधारमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४:**

आ.व. २०८०/०८१ मा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) बढीमा ४ प्रतिशत खर्च गर्ने र सोको कार्ययोजना बनाई खर्च गर्न कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं. १५ :**

यस गाउँपालिकामा स्वीकृत दरवन्दी वमोजिम आवश्यक कर्मचारीको पदपूर्ति भई नसकेको हुँदा हाल यस कार्यालयमा कार्यरत अस्थायी, करार र सेवा करारमा कार्यरत कर्मचारीहरुको अर्को व्यवस्था भएमा सोही वमोजिम हुने गरी आवश्यकताको आधारमा अस्थायी र करार अवधी निरन्तरता एंव म्याद थप तथा पदपूर्ति गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

यस गाउँपालिका अन्तर्गत ग्रेप परियोजना कार्यक्रम र नेपाल रेडक्रस सोसाईटी मार्फत संचालन हुने कार्यक्रम गाउँपालिकाको समन्वय र आवश्यकता अनुसार सह/लगानीमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

यस गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुलाई नेपाल सरकारको प्रचलित तलव स्केल बमोजिम तलव भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

यस गाउँपालिकाको गाउँसभा बैठक, गाउँ कार्यपालिका बैठक, विषयगत समिति, वडा समिति, कानून बमोजिम गठित अन्य विभिन्न समितिका बैठकका पदाधिकारी तथा सहभागीहरुलाई बैठक भत्ता रु. १५०० का दरले उपलब्ध गराउने र अपाङ्गता परिचयपत्र वितरण स्थानीय समन्वय समितिका संयोजकलाई रु. १५०० र अन्य सदस्यहरुलाई रु. १०००। उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत स्वीकृत स्थायी दरवन्दीमा करार सेवामा कार्यरत तथा गाउँपालिकाबाट स्वीकृत दरवन्दीमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा गाउँ कार्यपालिकाबाट पेश भए वमोजिम स्वीकृत गर्ने निर्णय गरियो । घर भएको वडामा कार्यरत कर्मचारीको हकमा स्थानीय भत्ता उपलब्ध नहुने निर्णय गरियो ।

**तपसिलः**

| क्र. सं. | करार सेवा वा पद | तलव मासिक | स्थानीय भत्ता मासिक | चाडपर्व खर्च बार्षिक | पोशाक खर्च /बार्षिक | प्रोत्साहन भत्ता / मासिक | अन्य सुविधा |
|---|---|---|---|---|---|---|---|
| | **गाउँपालिकाको स्वीकृत स्थायी दरवन्दीमा कार्यरत अस्थायी र करार कर्मचारी** | | | | | | |
| १. | ईन्जिनियर | ४३६८९। | ८८०० | ४३६८९। | १००००। | १२०००। | |
| २. | सव ईन्जिनियर | ३४७३०। | ५५६०। | ३४७३०। | १००००। | ९०००। | |
| ३. | अ. सव ईन्जिनियर | ३२९००। | | ३२९००। | १००००। | ९०००। | |
| ४. | प्रशासन सहायक / चौथोस्तर | ३२९००। | | ३२९००। | १००००। | ००।०० | |
| ५. | सहायक कम्प्युटर अपरेटर | ३२९००। | | ३२९००। | १००००। | | |

| क्र.सं. | करार सेवा वा पद | तलव मासिक | स्थानीय भत्ता मासिक | चाडपर्व खर्च बार्षिक | पोशाक खर्च /बार्षिक | प्रोत्साहन भत्ता / मासिक | अन्य सुविधा |
|---|---|---|---|---|---|---|---|
| | **गाउँपालिकाको करार दरवन्दीमा कार्यरत कर्मचारी** | | | | | | |
| ६. | श्रम रोजगार बैंक अध्यक्ष | २८६००। | | २८६००। | १००००। | ००।०० | |
| ७. | श्रम रोजगार बैंक मुख्य व्यवस्थापक | २८६००। | | २८६००। | १००००। | | |
| ८. | सहायक निरीक्षक | २८०००। | | २८०००। | १००००। | ०।०० | |
| ९. | नगर प्रहरी/हवल्दार | २२०००। | | २२०००। | १००००। | | |
| १०. | नगर प्रहरी/सिपाही र कार्यालय सहयोगी | १९०००। | | १९०००। | १००००। | | |
| ११. | हेभि सवारी चालक | २९७००। | | २९७००। | १००००। | | |
| १२. | हलुका सवारी चालक | २७०००। | | २७०००। | १००००। | | |
| १३. | कार्यालय सहयोगी | २२०००। | | २२०००। | १००००। | | |
| १४. | पाले | १५०००। | | १५०००। | १००००। | | |
| १५. | स्वीपर/माली | १२०००। | | १२०००। | ०।०० | | |
| | **अस्पतालका चिकित्सक, स्वास्थ्यकर्मी र श्रेणीविहिन कर्मचारीहरु** | | | | | | |
| १६. | मेडिकल अधिकृत आठौं तह | ४८७३७ | ८८००। | ४८७३७ | १००००। | सुरु तलवको ८० प्रतिशत | अतिरिक्त भत्ता- ४००००। |
| १७. | सहायकस्तर पाँचौ तहका स्वास्थ्यकर्मी | ३४७००। | | ३४७००। | १००००। | | |
| १८. | सहायकस्तर चौथो तहका स्वास्थ्यकर्मी | ३२९००। | | ३२९००। | १००००। | | |
| १९. | हलुका सवारी चालक | २४०००। | | २४०००। | १००००। | | |
| २०. | कार्यालय सहयोगी | २२०००। | | २२०००। | १००००। | | |
| २१. | पाले | १८०००। | | १८०००। | १००००। | | |
| | **स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी र श्रेणीविहिन कर्मचारी** | | | | | | |
| २२. | सहायकस्तर चौथो | २३०००। | | २३०००। | १००००। | | |
| २३. | कार्यालय सहयोगी | १८०००। | | १८०००। | १००००। | | |
| २४. | स्वीपर | ७०००। | | ७०००। | ७०००। | | |

**निर्णय नं. २० :**

नेपाल सरकारको नीति तथा कार्यक्रममा खरको छाना भएका घरहरुलाई खरको छानामुक्त घर वनाउने नीति अनुसार यस गाउँपालिका भित्र रहेका खरका छाना भएका घरहरुलाई खरको छानामुक्त वनाउन नेपाल सरकार र प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

**निर्णय नं. २१ :**

यस भगवतीमाई गाउँपालिकाको चालु आ.व. २०७९/०८० को लागि स्वीकृत वार्षिक कार्यक्रममा विनियोजन भएका केहि शिर्षकहरुमा नेपाल सरकार तथा प्रदेश सरकारबाट थप रकम प्राप्त भएको र केहि नयाँ कार्यक्रम तथा बजेट रकम थप भई आएको हुँदा चालु आ.व. २०७९/०८० को संशोधित एवं परिमार्जित वार्षिक कार्यक्रम तथा बजेट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**

यस गाउँपालिकामा संचालन हुने विभिन्न कार्यक्रममा सार्वजनिक-निजी साझेदारी (PPP) अवधारणा लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत गाउँपालिकाबाट नियुक्ति अनुदान शिक्षकको मासिक सुविधा देहाय बमोजिम तोक्ने र विद्यालय कर्मचारी र बालविकास सहयोगी कार्यकर्ताको पारिश्रमिक ज्यादै न्यून रहेकोले हाल पाईरहेको पारिश्रमिकमा नेपाल सरकारले उपलब्ध गराउने सेवा सुविधामा साविककै रकम थप गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

कर्णाली प्रदेश सरकार र यस गाउँपालिका बीचको सम्झौता बमोजिम सहलगानीमा वडा नं. १ पगनाथमा सरकारी बाखाको श्रोत केन्द्र स्थापना गर्न खोर तथा कार्यालय भवन निर्माण कार्य भई सम्पन्न भएको र थप पूर्वाधार निर्माण कार्य गर्न, पशु सेवा प्राविधिक तथा बाखा हेरालु निन्तरता, पशु विमा सम्वन्धी कार्यक्रममा सहयोग गर्न कर्णाली प्रदेश सरकार तथा नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:**

गाउँपालिकाको श्रोत अभावले वस्ती तथा वडास्तरबाट प्राथमिकीकरण भई आएका निम्न आयोजना तथा कार्यक्रमहरुमा बजेट विनियोजन गर्न नसकिएको हुँदा उक्त आयोजना तथा कार्यक्रमहरु संचालनको लागि प्रदेश सरकार तथा संघीय सरकार र अन्य निकायमा बजेट माग सूचीकृतको लागि गाउँ कार्यपालिकाबाट पेश भएका आयोजना तथा कार्यक्रमहरु स्वीकृत गरि वार्षिक बजेट पुस्तिकामा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६ :**

यस भगवतीमाई गाउँपालिकामा खाद्य डिपो स्वीकृत भई सकेको हुनाले खाद्यको गोदाम घर आवश्यक भएकोले खाद्य गोदाम घर निर्माणको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७:**

भगवतीमाई गाउँपालिका वडा नं. १ र २ वेस्तडा बजारमा कृषि भूमीको लागि सिंचाई स्रोतको अभाव भएकोले कट्टी खोलावाट लिफ्टिङ्ग सिंचाई प्रविधि जडानको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

बसन्त बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २८ :**

यस गाउँपालिकाको कर्मचारी पदपूर्ति समितिले आ.व. २०७९/०८० मा सम्पन्न गरेको पदपूर्ति सम्वन्धी कार्यहरुको प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९ :**

मिति २०७९ साउन ०१ गते देखी २०८० असाढ ३० गतेसम्म गाउँ कार्यपालिका बैठकबाट भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३० :**

नेपाल सरकारको एक वडा एक खेलमैदान कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका प्रत्येक वडामा एक खेल मैदान निर्माणको लागि प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१:**

यस भगवतीमाई गाउँपालिका अन्तर्गतका विभिन्न विद्यालयहरुमा शिक्षक दरवन्दी अभाव हुँदा अध्यापन कार्यमा पर्न गएको कठिनाईलाई हटाउन यस अघि गाउँ शिक्षा समिति र गाउँ कार्यपालिकाको निर्णय बमोजिम अनुदान रकमबाट करार सेवामा नियुक्त शिक्षकहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३२ :**

यस गाउँपालिकाबाट सञ्चालित भगवतीमाई आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि गाउँपालिकाको श्रोतले मात्र अस्पताल सञ्चालन गर्न कठिनाई हुने भएकोले आवश्यक अनुदान र मेडिकल उपकरण सहयोगको लागि कर्णाली प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३ :**

आगामी आ.व. २०८०/०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार सशर्त अनुदान (वजेट उपशिर्षक नं. ८०६६७५०५५११) तर्फ झोलुङ्गे पुल कार्यक्रमको लागि चालु वर्षको आयोजना नै स्वीकृत भई आएकोमा उक्त आयोजनाहरु चालु आ.व.मा नै सम्पन्न भईसकेको हुँदा देहाय वमोजिम आयोजना संशोधन गरिदिन हुन सहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | स्वीकृत आयोजना | | संशोधन गर्नुपर्ने आयोजना | | कैफियत |
|---|---|---|---|---|---|
| | नाम | बजेट | नाम | बजेट | |
| १ | सिद्दैओडार खोला, दुम्जिखोला झो.पु., मालुका झो.पु., गजेतडा झो.पु., भगवतीमाई गाउँपालिका, दैलेख | ३७०००००। | वडाखोला झो.पु., कट्टीखोला मेंग्रे झो.पु र तिदुघाट झो.पु. | ३७०००००। | स |

**निर्णय नं. ३४ :**

आगामी आ.व. २०८०/०८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नेपाल सरकार समपुरक अनुदान तर्फ ३ नं. वडा कार्यालय भवन निर्माण आयोजना स्वीकृत भएकोमा उक्त आयोजनाको लागि नेपाल सरकारको तर्फबाट स्वीकृत रकम बढी हुने र चालु आ.व. २०७९/०८० मा नेपाल सरकार समपुरक अनुदान र यस गाउँपालिकाको लागत सहभागितामा सञ्चालित ७ नं. वडा कार्यालय भवन निर्माण आयोजनाको लागि नेपाल सरकारबाट रु. ५०००००0। प्राप्त भएकोमा लक्ष्य बमोजिम कार्य प्रगति नहुँदा रु. ४०००००0। फिर्ता भई चालु आगामी २०८०/०८१ मा बजेट श्रोत अभाव हुने भएकोले देहाय बमोजिम आयोजना संशोधन गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोग समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | स्वीकृत आयोजना | | संशोधन गर्नुपर्ने आयोजना | | कैफियत |
|---|---|---|---|---|---|
| | नाम | बजेट | नाम | बजेट | |
| १. | ३ नं. वडा कार्यालय भवन निर्माण आयोजना | ७५०००००। | ३ नं. वडा कार्यालय भवन निर्माण आयोजना | ४००००००। | |
| | | | ७ नं. वडा कार्यालय भवन निर्माण आयोजना | ३५०००००। | |

**निर्णय नं. ३५ :**

यस भगवतीमाई गाउँपालिकाबाट आ.व. २०७३/०७४ देखि गत आ.व. २०७८/०७९ सम्म सम्पादन गरेका आर्थिक कारोबारको महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण भई कायम भएको देहायको बेरुजु नियमित गर्न अर्थ तथा सार्वजनिक लेखा समितिबाट पेश भए बमोजिम नियमित गर्ने र समपरिक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल:

| बेरुजुको दफा | आ.व. | बेरुजुको व्यहोरा | रकम | सभाको राय/ निर्णय |
|---|---|---|---|---|
| **आर्थिक वर्ष २०७३/७४** | | | | |
| ३ | २०७३/७४ | बैंक मौज्दात फरक | ३२३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८ | २०७३/७४ | अन्य कार्यालयको खर्च नियन्त्रण सम्बन्धमा । | १५२०७२० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ९ | २०७३/७४ | नर्म्सभन्दा बढी भूक्तानी | १४२६२६७ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ११ | २०७३/७४ | मेशिनको बील भरपाई सम्बन्धमा । | १६५३८०८ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| | | जम्मा : | ४६०१११८ | |
| **आर्थिक वर्ष २०७४/७५** | | | | |
| २८ | २०७४/७५ | मूल्य अभिबृद्धिकर समायोजन सम्बन्धमा । | २५९७७९३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |

Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

| बेरुजुको दफा | आ.व. | बेरुजुको व्यहोरा | रकम | सभाको राय/ निर्णय |
|---|---|---|---|---|
| ३१ | २०७४/७५ | फरक नर्म्स सम्बन्धमा । | १९३६८२१ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ३३ | २०७४/७५ | मूल्य अभिबृद्धिकर समायोजन सम्बन्धमा । | ८६९८२ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ३४ | २०७४/७५ | खर्चको बील भरपाई पेश सम्बन्धमा । | ५०००० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ३५ | २०७४/७५ | भेरिएसन आदेश सम्बन्धमा । | ५९६७०७३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ४२ | २०७४/७५ | रस्टिङ स्टोर निर्माणको भूक्तानी सम्बन्धमा । | ३१७७३० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ४३ | २०७४/७५ | करारमा नियुक्ति सम्बन्धमा । | ४८७७४० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ४६ | २०७४/७५ | मोबाईल खरिद सम्बन्धमा । | ११८०० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| | | जम्मा : | ११४५५९३९ | |
| आर्थिक वर्ष २०७५/७६ | | | | |
| २० | २०७५/७६ | बाल विकास सहजकर्तालाई विद्यार्थी विवरणको प्रमाण बेगर निकासा गरेको । | २९९२००० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| २२ | २०७५/७६ | शिक्षण सिकाई सहयोग अनुदान सम्बन्धमा । | १४६५८९३४ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ४२ | २०७५/७६ | सोझैं खरिद सम्बन्धमा । | ७७४४३२६ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ४४ | २०७५/७६ | भेरिएसन दिने स्पष्ट आधार नखुलेको सम्बन्धमा । | ३४१८०२८ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ५० | २०७५/७६ | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यविधि अनसार नगरेकोले अनियमित देखिएको । | २२५४०७० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ५८ | २०७५/७६ | बैंठक भत्ता सम्बन्धमा । | १९४६००० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| | | जम्मा : | ३३०४२११३ | |
| आर्थिक वर्ष २०७६/७७ | | | | |
| १४ | २०७६/७७ | कर्मचारी करार सम्बन्धमा । | ४१२८९६० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| १५ | २०७६/७७ | कर्मचारी कल्याण कोष सम्बन्धमा । | ५१६६६३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

| बेरुजुको दफा | आ.व. | बेरुजुको व्यहोरा | रकम | सभाको राय/ निर्णय |
|---|---|---|---|---|
| २४ | २०७६/७७ | पदाधिकारी तथा सदस्यको सुविधा असूल सम्बनधमा । | ११४०००० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ६२ | २०७६/७७ | बिना प्रतिष्पर्धा खरिद सम्बन्धमा । | १३७१५८० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ७० | २०७६/७७ | वडा पालिकाको बैंठक भत्ता सम्बन्धमा । | ९७६००० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८० | २०७६/७७ | उपभोक्ता समितिलाई बढी भूक्तानी असूल सम्बन्धमा । | २८२५२३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८१ | २०७६/७७ | सडक निर्माण उ स लाई वास्तविक लागत भन्दा बढी भूक्तानी भएको रकम उ स को अनुपातिक कट्टी गरी असुल गर्नुपर्ने सम्बन्धमा । | ३१४५५४१ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८२ | २०७६/७७ | सवारी साधनको बहाल कर सम्बन्धमा । | ५३४४६० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| | | जम्मा : | १२०९५७२७ | |
| आर्थिक वर्ष २०७७/७८ | | | | |
| ४१ | २०७७/७८ | ननफाईलर देखिएका फर्मको कर समायोजन सम्बन्धमा । | ५१३०७ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ४७ | २०७७/७८ | सब कन्त्याक्टरबाट काम गराएको रकम नियमित गर्नु पर्ने सम्बन्धमा । | ४०६९३७९ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ५५ | २०७७/७८ | नर्म्स विपरित गरेको खर्चलाई नियम सम्मत मान्न नसकिएको सम्बन्धमा । | ९९५४२३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ५६ | २०७७/७८ | सोझैं निर्माण कार्य गरी सिमा भन्दा बढी भूक्तानी रकम नियम संगत नदेखिएको सम्बन्धमा । | ४९९१५९ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ५७ | २०७७/७८ | टुक्रा पारी निर्माण सामाग्री तथा औजार खरिद गरेको भूक्तानी गरेको रकम नियमित गर्नुपर्ने सम्बन्धमा । | ३०४४५३९ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ७० | २०७७/७८ | न्यानो कपडा वितरण कार्यक्रम वितरणमुखि भएकोले नियन्त्रण गर्नुपर्ने सम्बन्धमा । | ११७०३७८ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ७९ | २०७७/७८ | अनुत्पादक खर्च सम्बन्धमा । | ३६८०८२ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८० | २०७७/७८ | गाडी भाड़ा ढुवानी खर्च अनियमित सम्बन्धमा । | ४७३८०० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८२ | २०७७/७८ | खेलकुद सामाग्री वितरणमा अनियमित देखिएको सम्बन्धमा । | ५६००० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ८५ | २०७७/७८ | अनुत्पादक खर्च सम्बन्धमा । | ३०६०२८ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |

बखत बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

गणेश बहादुर थापा
अध्यक्ष

| बेरुजुको दफा | आ.व. | बेरुजुको व्यहोरा | रकम | सभाको राय/ निर्णय |
|---|---|---|---|---|
| ८७ | २०७७/७८ | मुख्यमन्त्री रोजगार कार्यक्रममा टुक्रा खरिद सम्बन्धमा । | ४९२१५१४ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| | | **जम्मा :** | **१५९०४३०२** | |
| आर्थिक वर्ष २०७८/७९ | | | | |
| १२.२ | २०७८/७९ | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) विपरीत करार कर्मचारी नियूक्ति गरी भूक्तानी गर्ने कार्य नियम सम्मत नदेखिएको | ५३०५२७० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| १९.१ | २०७८/७९ | करारमा कार्यरत कर्मचारीलाई कुनै किसिमको भत्ता भूक्तानी दिन पाउने व्यवस्था छैन । कर्मचारीलाहरुलाई फिल्ड भत्ता वापत भूक्तानी गरेको रकम असूल गर्ने | ४२७८०० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| १९.२ | २०७८/७९ | करारमा कार्यरत कर्मचारीलाई कुनै किसिमको भत्ता भूक्तानी दिन पाउने व्यवस्था छैन । कर्मचारीलाहरुलाई स्थानीय भत्ता वापत भूक्तानी गरेको रकम असूल गर्ने | ४९०८६० | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| २७.० | २०७८/७९ | खेलकुद पूर्वाधार निर्माण कार्य एकमुष्ट लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा गर्नुपर्नेमा फरकफरक लागत अनुमान तयार गरी प्रतिष्पर्धा सिमित हुने गरी उ स र कोटेशन मार्फत भूक्तानी गरेको रकम नियम सम्मत नभएको । | ३२९११७६ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| २८.० | २०७८/७९ | नागुना पुरानोपानी विसाई खा पा निर्माण गर्ने ठेक्कापट्टा भई सकेपछि बचेको रकमबाट पुन प्रतिष्पर्धा सिमित हुने गरी हार्डकपी कोटेशन र सिलबन्दी दरभाउँपत्र मार्फत काम गराई भूक्तानी गरेको देखिएकोले नियम सम्मत नभएको | २३८९३९३ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| ३१.० | २०७८/७९ | सार्वजनिक खरिद ऐन/ नियमावलीमा भएको व्यवस्था विपरित सव कन्त्याक्टरमा काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिशकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाई निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजिनिक खरिद अनुगमन कार्यालयलाई सफारिश गरेको प्रमाण पेश गरी नियमित गर्नुपर्ने । | ४२४५६५५ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |

बालन बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| बेरुजुको दफा | आ.व. | बेरुजुको व्यहोरा | रकम | सभाको राय/ निर्णय |
|---|---|---|---|---|
| ३७.४ | २०७८/७९ | गाउपालिकालाई विद्यालय दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ति गर्ने अधिकार दिएको देखिदैन । विकास निर्माण कार्यमा खर्च गर्नुपर्ने रकम राजश्व बाँडफाँडबाट शिक्षक कर्मचारी तथा वालविकास कार्यकर्ता नियूक्ति गरी खर्च गरेको रकम नियम सम्मत नभएको । | १२४९२०१९ | समितिको बैंठकको राय सहित पेश भएको प्रस्ताव बमोजिम बेरुजु नियमित गरिएको छ । |
| | | जम्मा : | २८६४२१७३ | |
| | | कुल जम्मा | १०५७४१३७१ | |

**निर्णय नं. ३६ :**

यस भगवतीमाई गाउँपालिकाका पूर्वाधारहरुमा श्रोत परिचालन गर्न नगर विकास कोषमा गाउँपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रबन्ध मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ३७ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत आगामी आ.व. २०८०/०८१ मा आयोजना तथा कार्यक्रम सञ्चालन गर्न आयोजना तथा कार्यक्रम पेश गरेका देहायका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरि बार्षिक बजेट पुस्तिकामा समावेश गर्ने निर्णय गरियो । साथै सोही बमोजिम कार्यक्रम कार्यान्वयनको अख्तियारी प्रदान गर्न गाउँ कार्यपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८ :**

चालु आ.व. २०७९/०८० मा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरु आगामी आ.व. २०८०/०८१ मा क्रमागत गर्ने र कार्य सम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न बजेट स्वीकृत गरी आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९ :**

चालु आ.व. २०७९/०८० मा सम्झौता भई निर्माण कार्य पुरा हुन नसकेका आयोजनाहरु आगामी आ.व. २०८०/०८१ मा क्रमागत गर्ने र कार्य सम्पन्न भई भुक्तानी गर्न छुटेका योजना तथा कार्यक्रमको दायित्व भुक्तानी गर्न बजेट स्वीकृत गरी आगामी आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

बखत बहादुर खड्का
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner